**आकाशवाणी समाचार- नेपाली**

मितिः २८ अक्तूबर २०२५

समयः ७.२५ - ७.३५ बजे *(अवधिः १० मिनट)*

**मुख्य समाचार**

१. राष्ट्रपति द्रौपदी मुर्मुले आज नयाँ दिल्लीको भारत मण्डपममा आयोजित ८औँ अन्तर्राष्ट्रिय सौर गठबन्धन सम्मेलनलाई सम्बोधन गर्नुहुनेछ।

२. केन्द्रीय कृषि र किसान कल्याण मन्त्री शिवराज सिंह चौहानले तेलंगाना, ओडिशा, महाराष्ट्र र मध्य प्रदेशमा चालू खरीफ मौसमका लागि १५,००० करोडको खरीद योजनालाई अनुमोदन गर्नुभयो।

३. मतदाता सूचिको विशेष गहन पुनरीक्षण-एसआईआरको दोस्रो चरण १२ राज्य र केन्द्र शासित प्रदेशहरूमा सञ्चालन गरिनेछ।

४. उदाउदो सूर्यलाई अर्घ दिएसँगै आस्था र समर्पणको पर्व छठ आज समापन भएको छ ।

**५.** चक्रवात **मोन्थालाई** मध्यनजर राख्दै मौसम विभागले आन्ध्र प्रदेश, यनम, दक्षिण ओडिशा तटीय क्षेत्र र छत्तिसगढका लागि भोलिसम्म रेड अलर्ट जारी गरेको छ।

**राष्ट्रपति- आईएसए**

राष्ट्रपति द्रौपदी मुर्मुले आज नयाँ दिल्लीको भारत मण्डपममा आयोजित ८औँ अन्तर्राष्ट्रिय सौर गठबन्धन (आईएसए) सम्मेलनमा मुख्य अथितिको रुपमा सम्बोधन गर्नुहुनेछ। नवीन एवम् नवीकरणीय ऊर्जा मन्त्री प्रल्हाद जोशीले आज आईएसएको उद्घाटन सत्रलाई सम्बोधन गर्नुहुनेछ।

यो चार दिने विश्वव्यापी सम्मेलनमा विश्वका १२४ देश र ४० भन्दा अधिक मन्त्रीहरुको सहभागिता रहने छ । सम्मेलनले विश्व समुदायलाई सहकार्यलाई सुदृढ पार्न र उज्यालो र दिगो भविष्यका लागि सौर्य ऊर्जाको प्रयोगलाई गति दिन एक साथ ल्याउँछ। सम्मेलन सत्रहरूमा सदस्य राष्ट्रहरूले भएका प्रगतिहरूको समीक्षा गर्ने, चुनौतीहरूको समाधानको बारेमा छलफल गर्ने र सस्तो सौर्य ऊर्जालाई सबैको पहुँचमा पुर्याउने लक्ष्यका लागि कार्यहरूको समन्वयको बारेमा छलफल गर्नेछन्।

**शिवराज- खरीफ खरीद**

केन्द्रीय कृषि र किसान कल्याण मन्त्री शिवराज सिंह चौहानले तेलंगाना, ओडिशा, महाराष्ट्र र मध्य प्रदेशमा चालू खरीफ मौसमका लागि १५,००० करोडको खरीद योजनालाई अनुमोदन गर्नुभयो। कृषि एवम् किसान कल्याण मन्त्रालयले भनेको छ कि यी स्वीकृतिहरू प्रधान मन्त्री अन्नदाता आय संरक्षण अभियान र मन्त्रालयका अन्य योजनाहरू अन्तर्गत एक उच्चस्तरीय बैठकमा दिइएको थियो। मन्त्रालयले तेलंगानाबाट ४,४०० मेट्रिक टनभन्दा अधिक मूंग, शत-प्रतिशत उड़द र २५ प्रतिशत सोयाबीन खरिद गर्न स्वीकृति दिएको छ। यसका साथै सरकारले उडिसाबाट १८ हजार ४७० मेट्रिक टन अरहर खरिदलाई पनि स्वीकृति दिएको छ । केन्द्रले महाराष्ट्रबाट 33 हज़ार मीट्रिक टन मूंग, 3 लाख 25 हज़ार 680 मीट्रिक टन उड़द र 18 लाख 50 हज़ार 700 मीट्रिक टन सोयाबीन खरिद गर्न पनि स्वीकृति दिएको छ। यसबाहेक मध्य प्रदेशबाट करिब 22 लाख 21 हज़ार 632 मीट्रिक टन मेट्रिक टन सोयाबीन खरिद गरिनेछ ।

**प्रधानमंत्री - मुंबई दौरा**

प्रधान मन्त्री नरेन्द्र मोदीले बुधबार मुम्बईमा मैरीटाइम लीडर्स कॉन्क्लेवलाई सम्बोधन गर्नुहुनेछ। यस अवसरमा श्री मोदीले भारत समुद्री सप्ताह २०२५ मा ग्लोबल मेरीटाइम सीईओ फोरमको अध्यक्षता पनि गर्नुहुनेछ। प्रधान मन्त्रीको सहभागिताले समुद्री अमृत काल भिजन २०४७ सँग मिल्दोजुल्दो महत्वाकांक्षी, भविष्य-उन्मुख समुद्री रूपान्तरणप्रति उहाँको गहिरो प्रतिबद्धतालाई प्रतिबिम्बित गर्दछ। यस कार्यक्रमले दिगो समुद्री विकास, लचिलो आपूर्ति श्रृंखला, हरित नौवहन, र समावेशी नीलो अर्थव्यवस्था रणनीतिहरूको बारेमा छलफल गर्न प्रमुख सरोकारवालाहरूलाई एक साथ ल्याउँछ। भारत समुद्री सप्ताह २०२५ मा ८५ भन्दा अधिक देशहरूका एक लाख भन्दा अधिक प्रतिनिधिहरू र ३५० भन्दा अधिक अन्तर्राष्ट्रिय वक्ताहरूले भाग लिइरहेका छन्।

**पीएम-विकसित भारत क्विज़**

प्रधान मन्त्री नरेन्द्र मोदीले देशका युवाहरूलाई विकसित भारत क्विज प्रतियोगितामा भाग लिन आग्रह गर्नुभएको छ। एक सामाजिक सञ्जाल पोस्टमा, श्री मोदीले भन्नुभयो, विकसित भारत युवा नेता संवाद 2.0 देशका युवाहरूका लागि राष्ट्र निर्माणमा योगदान पुर्याउने एउटा ठूलो अवसर हो। उहाँले भन्नुभयो, युवाहरूको विचार र अन्तर्दृष्टिले विकसित भारत निर्माणको मार्ग प्रशस्त गर्न सक्छ। सर्वसाधारणले यो महिनाको 31 तारिखसम्म क्विजमा भाग लिन सक्नेछन् । प्रतियोगिता आगामी जनवरी 10 देखि 12 सम्म आयोजना हुनेछ ।

**गोयल- जर्मनी**

केन्द्रीय वाणिज्य एवम् उद्योग मन्त्री पीयूष गोयलले बेल्जियमको राजधानी ब्रसेल्समा युरोपेली संघ व्यापार र आर्थिक सुरक्षा आयुक्त मारोस सेफकोभिकसँग भेटवार्ता गर्नुभयो। एक सोशल मीडिया पोस्टमा, श्री गोयलले भारत-यूरोपीय संघ मुक्त व्यापार सम्झौताको कार्यान्वयनलाई द्रुत गतिमा कार्यान्वयन गर्ने प्रतिबद्धतामा उनीहरूको छलफल भएको बताउनु भयो। दुवै पक्षले छिटो, सन्तुलित र पारस्परिक लाभका लागि साझा प्रतिबद्धता व्यक्त गरेको उहाँले बताउनु भयो । यस अघि श्री गोयलले जर्मनीका विदेश मन्त्री जोहान वेडफुलसँग पनि छलफल गर्नुभयो। उहाँले भन्नुभयो, यी छलफलहरूले भारत र जर्मनीबीच बलियो रणनीतिक साझेदारी र भारत-यूरोपीय संघ मुक्त व्यापार सम्झौता (एफटीए) को शीघ्र कार्यान्वयनको प्रतिबद्धतालाई पुनः पुष्टि गरेको छ।

**जीएसटी सुधार- स्टेशनरी**

वस्तु तथा सेवा कर बचत महोत्सवको लाभ समाजका सबै वर्गहरूसम्म पुगिरहेको छ। भारतीय प्रधानमन्त्री नरेन्द्र मोदीले २२ सेप्टेम्बर  देखि लागू भएको जीएसटीको नयाँ दरलाई 'बचत उत्सव' नाम दिनुभएको थियो। यसै बीच स्टेशनरी सामानहरूमा जीएसटी दरहरूमा कटौतीको फाइदाहरू साधरन मानिसहरुले गरिरहेका छन

**ईसी-एसआईआर-चरण 2**

मतदाता सूचिको विशेष गहन पुनरीक्षण-एसआईआरको दोस्रो चरण १२ राज्य र केन्द्र शासित प्रदेशहरूमा सञ्चालन गरिनेछ। अन्तिम मतदाता नामावली आगामी फेब्रुअरी ७ मा प्रकाशन हुनेछ । हिजो नयाँ दिल्लीमा एक पत्रकार सम्मेलनलाई सम्बोधन गर्दै मुख्य निर्वाचन आयुक्त ज्ञानेश कुमारले भन्नुभयो, यो अभ्यास उत्तर प्रदेश, गुजरात, मध्य प्रदेश, छत्तिसगढ, राजस्थान, तमिलनाडु, पश्चिम बङ्गाल, गोवा, केरल, पुदुचेरी, अन्डमान र निकोबार द्वीप समूह र लक्षद्वीपमा हुनेछ। उहाँले भन्नुभयो, एस.आई.आर.को दोस्रो चरणको चुनावमा ५१ करोड मतदाताहरू सहभागी हुनेछन्। श्री कुमारले भन्नुभयो मतगणना कागजातहरूको छपाइ र बुथ स्तर अधिकारीहरूको प्रशिक्षण आजदेखि सुरु हुनेछ जुन नोभेम्बर ३ सम्म जारी रहनेछ। गणना चरण डिसेम्बर ४ सम्म जारी रहनेछ । मतदाता नामावलीको मस्यौदा डिसेम्बर ९ मा प्रकाशन हुनेछ । यसपछि ८ जनवरी २०२६ सम्म दावी र आपत्ति दायर गर्न सकिनेछ । प्रमाणीकरण र सुनुवाइ अर्को वर्ष डिसेम्बर ९ देखि जनवरी ३१ सम्म हुनेछ। यी १२ राज्य र केन्द्र शासित प्रदेशको मतदाता नामावली अहिले फ्रिज गरिएको छ । बुथ स्तरका अधिकारीहरूले हाल दर्ता भएका मतदाताहरूलाई विशिष्ट गणनापत्र वितरण गर्नेछन्। यी पत्रहरूमा उनीहरूको वर्तमान मतदाता जानकारी समावेश हुनेछ। यदि उनीहरूको नाम 2003 को मतदाता सूचीमा थियो भने पनि, उनीहरूले कुनै पनि अतिरिक्त कागजातहरू पेश गर्न आवश्यक छैन।

**छठ पूजा**

उदयांचलको सूर्यनारायणलाई अर्घ दिएसँगै आस्था र समर्पणको पर्व छठ आज समापन भएको छ। छठ लोकगीतको सुमधुर प्रतिध्वनिका बीच भक्तजनले नदी, ताल, जलाशय लगायतको किनारमा उदाउँदो सूर्यको जलाभिषेक गरिरहेका छन।

**चक्रवाती तूफान - मोन्था**

चक्रवात **मोन्था** बङ्गालको खाडीमा १५ किलोमिटर प्रतिघण्टाको गतिमा उत्तरपश्चिम दिशातर्फ सरेको छ र चेन्नईबाट ४२० किलोमिटर पूर्वमा केन्द्रित छ। यो उत्तर पश्चिममा अझ तीव्र चक्रवातमा परिणत हुने सम्भावना छ। यसैबीच मौसम विभागले आन्ध्र प्रदेश, यनम, दक्षिण ओडिशा तटीय क्षेत्र र छत्तिसगढका लागि भोलिसम्म रेड अलर्ट जारी गरेको छ। रायलसीमा, तमिलनाडु, पुडुचेरी, कराइकल र तेलंगानामा आज मुसलधारे वर्षा हुने अनुमान गरिएको छ। यसैबीच प्रधानमन्त्री नरेन्द्र मोदीले आन्ध्र प्रदेशका मुख्यमन्त्री एन चन्द्रबाबु नायडुसँग कुराकानी गर्दै केन्द्रीय सहयोगको आश्वासन दिनुभयो। श्री नायडूले अधिकारीहरूलाई तल्लो इलाकाका मानिसहरूलाई पुनर्वास केन्द्रहरूमा स्थानान्तरण गर्न निर्देशन दिनुभयो। मुख्यमन्त्रीले प्रभावित जिल्लाका विद्यालय बन्द गर्न आदेश दिनुभयो। दक्षिण मध्य रेलवे, पूर्वी तटीय रेलवे र एयर इन्डिया एक्सप्रेसले आजका लागि धैरै सेवाहरू रद्द गरेका छन्। यस्तै उडिसामा राज्य सरकारले **तूफान**सित जुध्नका लागि तयारी तीव्र पारेको छ। तल्लो क्षेत्रमा बसोबास गर्ने मानिसहरूलाई चक्रवात आश्रयहरूमा स्थानान्तरण गरिएको छ। राज्य सरकारले आज बिहानसम्म ३५ हजारभन्दा बढी मानिसहरूलाई यी केन्द्रहरूमा पठाउने योजना बनाएको छ। मोन्थाको प्रभावका कारण ओडिसाको दक्षिणी र तटीय जिल्लाहरूमा हिजोदेखि वर्षा भइरहेको छ।

****** ० ******